## मिति २०७८/०३/०३गते बिहिबार १०६ औ कार्यपालिका बैठक

**प्रस्तावहरु:**

१. नगर सभा सम्बन्धमा ।

२. चमै कटुवा सत्गैया कुलो सफाईका लागि रकमको व्यवस्था सम्बन्धमा ।

३. खानेपानी ट्यांकी निर्माणका लागि बजेट व्यवस्था सम्बन्धमा ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने योजनाहरु अनुमोदन सम्बन्धमा ।

५. गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा तथ्यांक संकलन कार्यका लागि खटिएका गणक तथा सुपरिवेक्षकहरुको भ्रमण खर्च सम्बन्धमा ।

६. वारुणयन्त्रमा कार्यरत कर्मचारीहरुको रासन भत्ता बृद्धि सम्बन्धमा ।

७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७७ पारित सम्बन्धमा ।

८. घोराही उपमहानगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्ययोजना अनुमोदन सम्बन्धमा ।

९. सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१०. खानेपानी धारा जडानका लागि आर्थिक सहयोग सम्बन्धी ।

११. वडा नं. १ स्थित माले खानेपानी योजनालाई सोलार मोटर खरिदका लागि सहयोग ।

१२. जग्गा व्यस्थापन सम्बन्धमा ।

१३. वडा नं. १८ स्थित कालिका भगवती मन्दिरलाई आर्थिक सहायता ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिकाको नवौं नगर सभाको पहिलो बैठक मिति २०७८ साल असार ६ गते दिउसो १ बजे आव्हान गर्ने ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका वडा नं. ६ को प.सं.२०७७/०७८ च.नं. २२८० मिति २०७८।०२।३० गतेको सिफारिस पत्र अनुसार चमै कटुवा सत्गैया कुलोको विभिन्न स्थानमा कुलो जिर्ण भएको र मर्मत गर्नुपर्ने तथा वर्षातको समयमा थप क्षती पुग्ने सम्भावना रहेको हुँदा उक्त कुलो मर्मत तथा सफाईका लागि आवश्यक आर्थिक सहयोग गरिदिनुहुन भनि माग भएकोले उक्त कुलो अन्तर्गत राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान अगाडिदेखि करिब २५० मी. कुलो सफा गर्न प्राविधिक अध्ययन गरी उक्त कार्य गर्न लागत अनुमान सहित रु.३,८०,६८८।– (तिन लाख असी हजार अठासी मात्र) लाग्ने रिपार्टमा देखिएको हुँदा उक्त रकममा लागत सहभागिता बाहेक हुन आउने रकम ३,६९,६००।– (तिन लाख उनान्सत्तरी हजार छ सय मात्र) घोराही उपमहानगरपालिकाको निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार शिर्षकबाट उपलब्ध गराउने।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको १० नं. वडा कार्यालयको च.नं. ४८७१, मिति २०७८।०२।३१ गतेको सिफारिस पत्र अनुसार १० नं. वडाको जानकी टोलमा बसोबास गर्ने जनताहरुलाई खानेपानीको समस्या भएकोले खानेपानी ट्यांकी निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिदिनुहुन भनि सिफारिस गरेको हुँदा उक्त खानेपानी ट्याकी निर्माण गर्न घोराही उपमहानगरपालिकाबाट प्राप्त लागत अनुमान रु.१,५७,०००।– (एक लाख सन्ताउन्न हजार) खर्च हुने देखिएकोमा रु. १२०००।– (बाह्र हजार) जनश्रमदानबाट हुने गरी जानकी विकास संस्था टोललाई खानेपानी ट्यांकी निर्माणका लागि रु. १,४५,०००।– (एक लाख पैतालिस हजार) घोराही उपमहानगरपालिकाको गैर वित्तिय संस्थाहरुलाई चालु सहायता शिर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं ४**

घोराही उपमहानगरपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुबाट छनौट भई आ.व. २०७७/०७८ मा संचालन भैरहेका तपशिल बमोजिमका आयोजनाहरु स्थानीय निर्देशक समितिको मिति २०७७।११।१८ गते बसेको बैठकबाट स्वीकृत समेत भएको हुँदा स्वीकृत आयोजनाहरु अनुमोदन गर्ने ।

**तपशिल**

| वडा नं. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | माले बाटो नाला निर्माण तथा मर्मत | |
| १ | भोटे सामुदायिक वनमा वनमारा सफा गर्ने खाल्डा निर्माण गरि फलफूलको विरुवा लगाउने | |
| १ | माले बाटोको नाला निर्माण | |
| २ | सरयु स्मार्ट हिलपार्कसम्म जानका लागि बाटो मर्मत र गेट तथा बेन्च निर्माण । | |
| ३ | राजावास चिसापानी जोड्ने ट्याक निर्माण | |
| ३ | सिजुटोलदेखि सुङ्गुरे खोला हुँदै साजखुट्टी जोड्ने ट्याक मर्मत | |
| ३ | मसोटखोलादेखि सिमलतारा जाने बाटो मर्मत | |
| ३ | बयलडाँडीबाट चमेरी गुफा जाने बाटो निर्माण | |
| ३ | इन्द्र बहादुर पुनको घरदेखि वयलडाँडी जाने बाटो निर्माण | |
| ३ | सिजु टोलमा बाटोको नयाँ ट्याक र तटबन्ध निर्माण गर्ने | |
| ४ | वडा नं. ४ का विभिन्न टोलहरुमा सिंचाई कुलो निर्माण | |
| ४ | सरेखोलादेखि पालुथानसम्म सडक मर्मत, रोहिणी ड्यामदेखि भकारेसम्म पाइप लाइन खन्ने पुर्ने र शिव मन्दिर टोलमा नाला मर्मत गर्ने काम | |
| ११ | बाँसगजेरीदेखि काब्रेदह गोरेटो बाटो मर्मत | |
| ११ | घोराही ११ का विभिन्न टोलका बाटोमा नाली र झाडी सफाई | |
| १२ | मा.वि. हापुर विजौरीमा पर्खाल मर्मत | |
| १३ | मनिराम वि.क. को घरदेखि पारस के.सी.को घरसम्म नाला सहित बाटो मर्मत | |
| १४ | नाला बाटो तथा पूर्वाधार मर्मत तथा सरसफाई | |
| १८ | अम्बिकेश्वरी गोर्खाली पाखोमा झाडी सफा गरी क्यारी निर्माण गर्ने तथा वृक्षारोपण कार्यक्रम | |
| १८ | १८ नं. वडा कार्यालय परिसर भित्र झाडी सफाई तथा क्यारी निर्माण | |
| १९ | वडा कार्यालय तथा स्वास्थ्य कार्यालय परिसरमा फिल्ड मर्मत | |
| १९ | एक टोल एक सिंचाई पोखरी निर्माण (क) | |
| १९ | एक टोल एक सिंचाई पोखरी निर्माण (ख) | |
| १९ | पाँचपोखरी लुङ्गखुरीडाँडा सैघा सडक निर्माण | |
| १९ | बयालिकोट भयरथान घ्युर कृषि सडक निर्माण (क) | |
| १९ | बयालिकोट भयरथान घ्यूर कृषि सडक निर्माण (ख) | |

**निर्णय नं. ५**

नेपाल सरकार भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयले आयोजना गरेको गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत घोराही उपमहानगरपालिकामा गत आ.व. २०७६/०७७ मा कार्यक्रम सञ्चालनका लागि बजेट प्राप्त भई २८ जना गणक र ३ जना सुपरीवेक्षकहरुलाई तथ्यांक संकलन कार्यका लागि कामकाज गर्न खटाइएकोमा कोभिड-१९ महामारीका कारण विशेष परिस्थिति सृजना भई तोकिएको समयमा तथ्यांक संकलन कार्य पूरा नभएको हुँदा चालु आ.व. २०७७/०७८को श्रावण मसान्तसम्मको उहाँहरुलाई काममा लगाई तथ्यांक संकलनको कार्य सम्पन्न गरेको र सो महिना काम गरे वापत एक महिनाको भ्रमण खर्च उपलब्ध गराईदिनुहुन भनि उहाँहरुले निवेदन दिएको हुँदा तथा भूमि व्यवस्था सहकारी तथा गरिबि निवारण मन्त्रालयले चालु आर्थिक वर्षको लागि अतिरिक्त बजेट समेत उपलब्ध गराएको सन्दर्भमा गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५ मा तोकिएको दर अनुसार एक दिनको जम्मा रु ३०० का दरले एक महिनाको भ्रमण खर्च चालु आ.व.को लागि गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत प्राप्त बजेटबाट खर्च हुने गरि उपलब्ध गराउने ।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिकाको वारुणयन्त्रमा कार्यरत कर्मचारीहरुलाई रासन भत्ता वापत मासिक रु.४०००।– यस कार्यालयबाट उपलब्ध गराइएकोमा उक्त भत्ता हालको अवस्थामा निकै कम भएकाले मासिक भत्ता वृद्धिका लागि तपशिलमा उल्लेखित कर्मचारीहरुबाट मिति २०७८।०२।२५ गते निवेदन पेश गर्नुभएकोले आगामी आ.व. ०७८/०७९देखि लागु हुने गरी हाल उपलब्ध गराइएको रासन भत्तामा रु.१०००।– थप गरी उपलब्ध गराउने ।

**तपशिल**

१. ड्राइभर जित बहादुर चौधरी
२. फायर म्यान मान बहादुर पुन
३. फायर म्यान चन्द्र कुमार चौधरी
४. फायर म्यान देव बहादुर चौधरी
५. फायर म्यान फुन बहादुर भण्डारी

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाको महिला बालबालिका तथा सामाजिक विकास शाखाबाट पेश भएको **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति,** २०७७ पारित गर्ने ।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकाको संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्ययोजना अनुमोदन गर्ने ।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाको सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०७८।०२।२५ र ३१ गते बसेको बैठकका देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने ।

९.१ बैठकमा शाखाको तर्फबाट पेश भएको आगामी आ.व ०७८/०७९को नीति तथा कार्यक्रमहरु बजेट तथा योजना तर्जुमा समितिमा पेश गर्ने ।

९.२ घोराही उपमहानगरपालिकाको वडा नं ३ सिजु टोल बस्ने जमुना वि.कको कच्ची गोठ आगलागी भई नष्ट भएको भन्ने वडाको च नं २८१३, मिति २०७८।०२।२० गतेको प्राप्त सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९, पेज नं ५२ को सि नं १२ बाट खर्च हुनेगरी रु ५,०००/- राहत स्वरुप उपलब्ध गराउने ।

९.३ घोराही उपमहानगरपालिकाको वडा नं ३ सिजु टोल बस्ने धन कुमार वि.कको कच्ची गोठ आगलागी भई नष्ट भएको भन्ने वडाको च.नं. २८१४ मिति २०७८।०२।२० गतेको प्राप्त सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९पेज नं ५२ को सि. नं. १२ बाट खर्च हुनेगरी रु ५,०००/- राहत स्वरुप उपलब्ध गराउने ।

९.४ घोराही उपमहानगरपालिकाको वडा नं १९ बस्ने जुठे दमाईको एकतले घर हावाहुरीले नष्ट भएको भन्ने वडाको च.नं. १३३६ मिति २०७८।०२।१६ गतेको प्राप्त सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९,पेज नं ५२ को सि नं १२ बाट खर्च हुनेगरी घरको साइज बमोजिमको जस्तापाता राहत स्वरुप उपलब्ध गराउने ।

९.५ घोराही उपमहानगरपालिकाको वडा नं १७ स्थित विर्ता कुलोमा वर्षातको कारण पहिरो गई खेती योग्य जमिनमा क्षति पुगेको र सिंचाई अवरुद्ध भएको भन्ने वडाको च. नं. ९१४३, मिति २०७८।०२।२१ गतेको प्राप्त सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९,पेज नं ५२ कोसि नं १२ बाट खर्च हुनेगरी रु प्राविधिक लगत.ई बमोजिम रु ३००,००० उपलब्ध गराउने ।

९.६ घोराही उपमहानगरपालिकाको वडा नं १२ निवासी अन्जना सेन शाहको घर आगलागी भई पूर्ण रुपमा जलेर नष्ट भएको भन्ने वडाको च. नं. ६०६१, मिति २०७८।०२।२३ गतेको प्राप्त सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९, पेज नं ५२ सि नं १२ बाट खर्च हुनेगरी नियमानुसारको जस्तापाता राहत स्वरुप उपलब्ध गराउने ।

९.७ घोराही उपमहानगरपालिकाको वडा नं १७ मा अवस्थित कर्जाहीमा रहेको कर्जाही ड्याम लगातार भएको वर्षातको कारण कटान भई फुट्ने जोखिम रहेकोले तालको संरक्षणको लागि मर्मत गर्न आवश्यक देखिएको भनी वडाको च. नं. ५५५४ मिति २०७८।०२।१८ गतेको प्राप्त सिफारिस पत्र तथा समितिको अनुगगमनको आधारमा जानकारी हुन आएकोले मर्मत सम्भार कार्यको लागि कार्यालयमा उपलब्ध रोलर, जेसिपी, टिप्पर लगायत उपलब्ध गराउने ।

९.८ घोराही उपमहानगरपालिकाको वडा नं १७ बस्ने यम प्रसाद आचार्यको कच्ची गोठ आगलागी भई नष्ट भएको भन्ने वडाको च. नं. ५२०५, मिति २०७८।०१।०३ गतेको प्राप्त सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९, पेज नं ५२, सि नं १२ बाट खर्च हुनेगरी रु. ५,०००/- राहत स्वरुप उपलब्ध गराउने ।

९.९ घोराही उपमहानगरपालिकाको वडा नं १७ स्थित आरोग्य ड्याममा रहेको दुई वटा मोटर राख्ने घर मध्ये एउटा वर्षातको पानीले पूर्ण रुपमा क्षति भएको भनी वडाको च. नं. २८१८, मिति २०७७/१०/२५ गतेको पत्र र प्रहरी मुचुल्काबाट जानकारी हुन आएकोले  नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९, पेज नं ५२, सि नं १२ बाट खर्च हुनेगरी प्राविधिक ल.ई. बमोजिम रु १६,०००/-मात्र  उपलब्ध गराउने ।

९.१० घोराही उपमहानगरपालिकाको वडा नं १० अन्तर्गत ठाटीगाउँ बुलबुले स्रोतमा आएको अविरल वर्षाका कारण बाँध भत्कीन गई करीब २ कट्टा जमिन पुरिन गएको भन्ने वडाको च. नं. ३८४, मिति २०७७।०४।२९ गतेको प्राप्त सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं. ३११५४, सि नं १० बाट खर्च हुनेगरी आवश्यकता अनुसारको तारजाली उपलब्ध गराउने।

९.११ घोराही उपमहानगरपालिकाको वडा नं १४ निवासी शान्तिकुमारी थापाको  छतमा रहेको रेलिङ्गो वाल हुरी बतासले ढालेको वडा प्रहरी कार्यालय भित्रको कम्पाउन्डको आँपको रुखले  पूर्ण रुपमा क्षति भएको भन्ने वडा कार्यालयको च. नं. ३६४५, मिति २०७८।०२।१८ को प्राप्त  सिफारिस पत्र र प्रहरी मुचुल्का अनुसार निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं. ३११५९, सि नं १२ बाट खर्च हुनेगरी रु. ५,०००/- राहत स्वरुप उपलब्ध गराउने ।

९.१२ घोराही उपमहानगरपालिकाको वडा नं १६ निवासी विमला परियारको कच्ची ईटाले बनेको घर हावाहुरी र अविरल वर्षाले पूर्ण रुपमा ढलेर नष्ट भएको भन्ने वडाको  च. नं ६६६८,  मिति २०७८।०२।२३ गतेको प्राप्त सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९, सि नं १२ बाट खर्च हुनेगरी  घरको साईज अनुसारको जस्तापाता राहत स्वरुप उपलब्ध गराउने ।

९.१३ घाँस काट्न जाँदा पहिरोमा पुरिएर मृत्यु भएको भनी वडा नं. १९को  च नं १३५३  मिति २०७८।२।२४ गतेको प्राप्त सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९, पेज नं ५२ को सि नं १२ बाट खर्च हुनेगरी रु २५,०००/- राहत स्वरुप उपलब्ध गराउने ।

९.१४ घोराही उपमहानगरपालिका वडा नं ८ स्थित दुन्द्रामा रहेको बेलन्ने बाँध निर्माण कार्य पुरा भएको र नहर ठाउँ-ठाउँमा  भासिन गएको भनी वडा कार्यालयको च. नं. ५४३२, मिति २०७८/२/२६ गतेको सिफारिस प्राप्त भएकोमा सो स्थलमा पक्की नहर निर्माण गर्ने कार्यको लागि आगामी आ.व.को बजेट तथा कार्यक्रममा सम्बोधन गर्ने ।

९.१७ वातावरण तथा विपद् व्यवस्थापन शाखाको आ.व. ०७७/०७८ को कार्यक्रम अन्तर्गतको सि.नं. ७ मा विरुवा खरिद तथा वडा कार्यालयहरु मार्फत विरुवा वितरण र हरियाली प्रवर्द्धन कार्यक्रम रहेकोमा वन जन्य प्रजातीका विरुवाहरु डिभिजन वन कार्यालयमा माग गर्ने र जडीबुटी तथा फलफूल जन्य बहुउपयोगी एवम् वातावरण मैत्री विरुवाहरु-टिमुर, कागती, छत्तीवन, निम, गुलमोहर, निलकमल, इन्द्रकमल, बजरदन्ते र करवीर प्रजातीका विरुवाहरु कोटेशन मार्फत खरीद गर्ने ।

९.१५ घोराही उपमहानगरपालिकाको वडा नं १८ को बजार क्षेत्रमा वग्ने नालाको पानीको निकास बन्द भई समस्या देखिएको भनी च.नं. ४८००, मिति २०७८।२।२८ गतेको  १८ नं. वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले विपद् बाट क्षति भएको भौतिक संरचना मर्मत शीर्षक नं २२२३१, पेज नं ५२, सि नं १ बाट खर्च हुने गरी प्राविधिक इस्टिमेट बमोजिम ४ वटा हुइम पाइप राहत स्वरुप उपलब्ध गराउने ।

९.१६ घोराही उपमहानगरपालिका वडा नं १ निवासी देवबहादुर रानाको घर अविरल वर्षातका कारण घर पूर्ण रुपमा नष्ट भएको भन्ने १ नं. वडा कार्यालयको च. नं. १९८१, मिति २०७८।०२।१९ गतेको प्राप्त सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९ ,पेज नं ५२, सि नं १२ बाट खर्च हुनेगरी नियमानुसारको जस्तापाता राहत स्वरुप उपलब्ध गराउने ।

९.१७ यस आर्थिक वर्षमा वातावरण तथा विपद् व्यवस्थापन बजेट उपशीर्षक अन्तर्गत सि नं ६ मा विपद् व्यवस्थापन तथा खोज उद्धार सम्बन्धी सामाग्रीहरु खरिद भन्ने कार्यक्रम रहेकोमा केही सामाग्री खरिद भइसकेको र थप सामाग्री खरिद गर्न आवश्यक देखिएकोले सो को प्रकृया अगाडी बढाउने ।

९.१८ अविरल वर्षाको कारण बाटोको अवस्था विग्रन गई आवात् जावत् नै कठिन भई दुर्घटनाको जोखिम भएको भनी विभिन्न मितिमा वडाबाट प्राप्त तपशिल बमोजिमका सडक खण्डमा जेसीपी, टिप्पर लगायतका उपकरण उपलब्ध गराउने र विपद् व्यवस्थापनको लागि आवश्यक ढुंगा, गिटी, वालुवाको लागि अनुमित दिइ सहयोग गरिदिन जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने । साथै यस्तै प्रकृतिका विपदका सिफारिस अन्य वडाबाट पनि आएमा सोही बमोजिम गर्ने ।

**तपिशलः**

- वडा नं १५ अन्पूर्ण टोल विकास संस्था क्षेत्रमा पर्ने १००० मि कच्ची बाटो।
- वडा नं १४ अन्तर्गत ढोडेनी टोल विकास संस्था क्षेत्र अन्तर्गतको बाटो।
- वडा नं ४ अन्तर्गत जुनकिरी टोलको ९०० मिटर बाटो ।
- वडा नं १० अन्तर्गत घोराही लेटार धैरेनी जोड्ने करिब १ कि मि बाटो ।
- वडा नं १७ अन्तर्गत ओखरा बन्दिपुर जाने सडक ।
- वडा नं अन्तर्गत क्रिजल टोल विकास संस्था अन्तर्गतको बाटो ।

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिकाको वडा स्तरीय कार्यक्रम अन्तर्गत रहेको सबै नागरिकहरुका लागि सुरक्षित खानेपानी व्यवस्थापन अति विपन्न परिवारलाई नीजि धारा जडान कार्यक्रम अन्तर्गत समावेश भएका तपशिलमा उल्लेख भएका घरधनीहरुको आर्थिक अवस्था कमजोर भएकोले खानेपानी धारा जडानका लागि आवश्यक पर्ने धारा जडान सेवा शुल्क सहित जडान खर्च प्रति घरधुरी लाई उपलब्ध गराइदिनुहुन भनि १४ नं. वडा कार्यालयको च.नं. ३७४० , मिति २०७८।०३।०१ गतेको पत्रबाट सिफारिस भई आएको हुँदा उक्त कार्यक्रमको सेवा क्षेत्र भित्र पर्ने नयाँ बसपार्क खानेपानी सरसफाई उपभोक्ता समिति जागृति टोल विकास संस्थाका घरधुरीहरुलाई प्रतिपरिवार धारा जडानका लागि सेवा शुल्क सहित जडान खर्च रु. २५०००।– (पच्चिस हजार) वडास्तरिय बजेट उपलब्ध गराउने ।

**तपशिल**

| | | |
|---|---|---|
| १. श्री सीता सिंह ठकुरी | ६. श्री सुनिता नेपाली | १४. श्री सीता गिरी |
| २. श्री शारदा रावत | ७. श्री हेम कुमारी न्यौपाने | १५. श्री श्रीदेवी वि.क. |
| ३. श्री कल्पना बुढा | ८. श्री कालिका नेपाली | १६. श्री सर्केनी वि.क. |
| ४. श्री रमा योगी | ९. श्री सुशिला बि.क. | १७. श्री गंगा रावत |
| ५. श्री शारदा चौधरी | १०. श्री रंजिता थापा | १८. श्री हेमा चन्द |

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिकाको  वडा नं. १ स्थित माले सोलार खानेपानी योजनामा सोलार लिफ्ट बिग्रिएका कारण खानेपानी आपूर्तिमा समस्या भएकोले उक्त खानेपानी योजना मर्मतका लागि १ नं. वडा कार्यालयको च.नं. २००४, मिति २०७८।०२।२३ गतेको पत्रबाट १(एक) थान सोलार मोटर पम्प खरिदका लागि आवश्यक रकम उपलब्ध गराइदिनुहुन अनुरोध भएकोमा आयोजना मर्मतका लागि सोलार मोटर पम्प खरिद गर्न आवश्यक रकम रु.३५२०००।–(तिन लाख बाउन्न हजार) खर्च लाग्ने प्राविधिक  इष्टिमेट अनुसार देखिन आएको हुँदा उक्त माले सोलार खानेपानी आयोजनालाई २५००००।–(दुई लाख पचास हजार) घोराही उपमहानगरपालिकाको गैरवित्तिय संस्थाहरुलाई चालु सहायता शिर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिका भित्र सडक निर्माण तथा विस्तार गर्नका लागि आगामी आ.व. ०७८/७९ मा यस उपमहानगरपालिका अन्तर्गत सञ्चालन हुने तपशिल बमोजिमका आयोजनाहरुको निकासमा पर्ने निजी जग्गा प्राप्त गर्नको लागि जग्गा व्यवस्थापन गर्न गठित समितिको मिति २०७७।९।२४ देखि मिति २०७८।२।२१ सम्म विभिन्न मितिमा बसेको बैठकबाट निशुल्क रुपमा जग्गा उपलब्ध गराउने दाता सहयोगी वा दानकर्ता उपलब्ध हुन नसकेको र निकास बिन्दुमा व्यक्तिगत नाममा दर्ता रहेका निजी जग्गाहरु रहेको हुँदा उक्त क्षेत्रभित्रका जग्गा खरिदको लागि जग्गा प्राप्ती ऐन २०३४ बमोजिमको आवश्यक प्रक्रिया अगाडी बढाउन श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१३ मिति २०७५।०२।१३ को पत्र मार्फत मार्गदर्शन भए बमोजिम जग्गा प्राप्तिको लागि प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्नको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

**तपशिलः**

| क्र.सं. | विवरण |
|---|---|
| १ | घोराही उपमहानगरपालिका भित्र निर्माणाधिन दामोदर सडक (कुइरेपानी-सर्रा) खण्ड अन्तर्गत घोराही-३ कुईरेपानीमा बाटो निकासका लागि निजी जग्गा खरिद गर्नुपर्ने । |
| २ | घोराही उपमहानगरपालिका भित्रको शहिद उमेश मार्ग अन्तर्गत घोराही-१५ शहिदगेटदेखि नेपाल बैंक लिं.शाखा कार्यालय घोराहीसम्मको बाटो निकासका लागि निजी जग्गा खरिद गर्नुपर्ने । |

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिकाको १८ नं. वडा कार्यालयको च.नं. ३७८१ मिति २०७७।११।२३ गतेको पत्रानुसार वडा नं. १८ स्थित कालिका भगवती मन्दिरको हाता भित्र संचालित धर्मशालामा अक्षयकोष स्थापनाका लागि आर्थिक सहयोग माग भै आएको हुँदा उक्त कालिका भगवती मन्दिरलाई रु.१२५०००।–(एक लाख पच्चिस हजार) घोराही उपमहानगरपालिकाको धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने ।